# रघुगंगा गाउंपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
[illegible] म्याग्दी
गण्डकी प्रदेश, नेपाल

## नदिजन्य पदार्थ उत्खनन् गरी बिक्री वितरण तथा [illegible] निकासी गर्ने कार्यको बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७/०५/ ३१ गते)

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६२ क.बमोजिम २०७८ जेष्ठ १५ सम्मको लागि कर संकलन तथा ढुंगा, गिटि, बालुवा रोडा विक्रि गर्ने कार्य ठेक्काबाट गराउनु पर्ने भएकोले यस रघुगंगा गाउंकार्यलिकाको कार्यालयले नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापद वमोण्ड बमोजिम नदीजन्य पदार्थ निकाली रघुगंगा गपालिकाको ,कार्यालयले तोकेको दरमा विक्रि गर्ने गरि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक् व्यक्ति,फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाण पत्र,मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र,आ.व.२०७५।०७६ को कर चुक्ता प्रमाण पत्र संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

### तपसिल

| सि.नं | सूचना नं./ठेक्का नं. | ठेक्काको नाम | उत्खनन गर्ने बगर र परिमाण (घन मिटर) | | न्यूनतम ठेक्का रकम (सेवाशुल्क र मू.अ. कर वाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | ०१/०७७/०७८ | ढुंगा,गिटि,बालुवा रोडा उत्खनन् संकलन तथा विक्रि वितरण | फड्के बगर रघुगंगा वार्ड नं ३ | १६८। | २०७४८।० | कवोल अङ्को ५% | १०००।०० |
| २ | ०२/०७७/०७८ | ढुंगा,गिटि,बालुवा रोडा उत्खनन् संकलन तथा विक्रि वितरण | चमेरे बगर वार्ड नं ३ | १०५०। | १२९६७५।० | कवोल अङ्को ५% | १०००।०० |
| ३ | ०३/०७७/०७८ | ढुंगा,गिटि,बालुवा रोडा उत्खनन् संकलन तथा विक्रि वितरण | राउपारे वगर वार्ड नं ३ | २००। | २४७००।०० | कवोल अङ्को ५% | १०००।०० |
| ४ | ०४/०७७/०७८ | ढुंगा,गिटि,बालुवा रोडा उत्खनन् ,संकलन तथा विक्रि वितरण | चिसापानि वगर रघुगंगा वार्ड नं ३ | ६००। | ७४१००।० | कवोल अङ्को ५% | १०००।०० |
| ५ | ०५/०७७/०७८ | ढुंगा,गिटि,बालुवा रोडा उत्खनन् संकलन तथा विक्रि वितरण | ओल्लोबैसरि बगर रघुगंगा -२ | १३४४। | १६५९८४।० | कवोल अङ्को ५% | १०००।०० |
| ६ | ०६/०७७/०७८ | ढुंगा,गिटि,बालुवा रोडा उत्खनन् संकलन तथा विक्रि वितरण | ठाडिखोरिया बगर रघुगंगा वार्ड नं १ | ३४५०। | ४२६०७५।० | कवोल अङ्को ५% | १०००।०० |
| ७ | ०७/०७७/०७८ | ढुंगा,गिटि,बालुवा रोडा उत्खनन् संकलन तथा विक्रि वितरण | भिरकोट बगर रघुगंगा वार्ड नं १ | ४५०। | ५५५७५।० | कवोल अङ्को ५% | १०००।० |
| ८ | ०८/०७७/०७८ | ढुंगा,गिटि,बालुवा रोडा उत्खनन् संकलन तथा विक्रि वितरण | गांउगोडा बगर रघुगंगा वार्ड नं १ | ३००। | ३७०५०।० | कवोल अङ्को ५% | १०००।० |
| ९ | ०९/०७७/०७८ | ढुंगा,गिटि,बालुवा रोडा उत्खनन् संकलन तथा विक्रि वितरण | दासबगर बगर रघुगंगा वार्ड नं १ | ३५०। | ४३२२५।० | | १०००।० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | कवोल अङ्कको ५% | |
| १० | १०/०७७/०७८ | ढुंगा,गिटि,बालुवा रोडा उत्खनन् संकलन तथा विक्रि वितरण | ढुङ्गेसाङले बगर रघुगंगा वार्ड नं ४ | १४५०। | १७९०७५।० | कवोल अङ्कको ५% | १०००।० |
| ११ | ११/०७७/०७८ | ढुंगा,गिटि,बालुवा रोडा उत्खनन् संकलन तथा विक्रि वितरण | ढुङ्गेसाङले बगर रघुगंगा वार्ड नं ५ | ८६४०। | १०६७०४०।० | कवोल अङ्कको ५% | १०००।० |

**शर्तहरु**

१ .उल्लिखित बोलपत्र दस्तुर (फिर्ता नहुने गरी) यस कार्यालयको नाममा प्रभु बैंक लि. को शाखा कार्यालय मौवाफाँट म्याग्दीमा रहेको आन्तरिक राजश्व खाता नं.१६३०११००२३०००१२८ मा जम्मा गरेको बैंक भौचरसाथ नविकरण गरेको ठेक्का इजाजत पत्र, मूल्य अभिवृध्दी कर (VAT) दर्ता प्रमाण पत्रको प्रतिलिपि, आ.व.२०७५/०७६ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी निवेदन दिई यो सूचना प्रकाशित भएको मितिले ३० दिन २०७७/०६/२९ गते सम्म कार्यालय समयभित्र रघुगंगा गाउकार्यपालिकाको कार्यालय मौवाफाँट म्याग्दीबाट बोलपत्र खरिद गर्न सकिने छ । तोकिएको अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिनमा समेत बोलपत्र खरिद गर्न सकिने छ।

बोलपत्र प्रथम पटक प्रकाशित मितिले ३१ औ दिनको १२ बजेभित्र बुझाउनु पर्नेछ । तोकिएको मिति तथा समय भन्दा पछि बुझाएको बोलपत्र स्वीकार गरिने छैन। समयभित्र प्राप्त बोलपत्र ३१ औ दिनको २ बजे बोलपत्र दाता स्वयं वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । तोकिएको अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिनमा उक्त कार्य हुनेछ ।

१. बोलपत्र मान्य हुने अवधि (Bid Validity Period) ९० दिनको हुने छ । बोलपत्र साथ यस कार्यालयको नाममा प्रभु बैंक लि. को शाखा कार्यालय मौवाफांट म्याग्दीमा रहेको धरौटी खाता नं १६३०११००२३०००५८ मा माथि उल्लिखित धरौटी रकम बापतको रकम जम्मा गरेको बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको सो रकम बराबरको १२० दिन म्याद भएको जमानी पत्र (Bid Bond ) पेश गर्नु पर्ने छ।
२. बोलपत्रमा दररेट उल्लेख गर्दा Bill of Quantity को प्रत्येक Item को अंक र अक्षर दुवैमा स्पष्ट गर्नुपर्ने छ । केरमेट भै अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दररेट मान्य हुने छ ।
३. दररेट भर्दा मुल्य अभिवृध्दि कर बाहेकको दररेट भर्नु पर्ने छ ।
४. बोलपत्र दाखिला गर्दा सिलवन्दी खामको बाहिर यस कार्यालयको नाममा ठेक्का नं, कामको विवरण, बोलपत्र दाताको नाम, ठेगाना, सम्पर्क नम्बर स्पष्ट रुपमा खुलाउनु पर्ने छ ।
५. बोलपत्र सम्बन्धी नबुझेको कुराहरु स्पष्ट पार्नको लागि १५ औ दिनको १ बजे Pre-bid meeting बैठक बस्ने छ ।
६. एक फर्मको नामबाट खरिद भएको बोलपत्र अर्को फर्मको नामबाट दर्ता गर्न पाइने छैन ।
७. नदीजन्य पदार्थहरु नदिलाई नै घाट गद्‍दी स्थल तोकी निर्धारित स्थानबाट उत्खनन् तथा विक्रि वितरण गर्नु पर्ने छ ।
८. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टांस भएको मितिले ७ दिन भित्र मु.अ. कर दर्ता प्रमाण पत्र र कबोल अंकको प्रथम किस्ता वापत ५० प्रतिशतले हुने रकम यस कार्यालयको नाममा प्रभु बैंक लि को शाखा कार्यालय मौवाफाँटमा रहेको विभाज्य कोष खाता नं १६३०११००२३०००१६८ मा जम्मा

गरेको बैंक भौचर अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । दोस्रो किस्ता ५० प्रतिशतले हुने रकम उपरोक्त खातामा जम्मा गरेको वैकं भौचर नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको सो रकम बराबरको जमानी पत्र (परफमेन्स बन्ड ) पेश गरी ठेक्का पट्टा उठाउनु पर्नेछ। पहिलो किस्तामा नै एकमुष्ठ रुपमा कबोल अंकको रकम दाखिला गरेमा कबोल अंकको १० प्रतिशत सम्म छुट दिन सकिने छ । साथै ठेक्का कबोल गर्ने फर्मले अग्रीम आयकर र १३% भ्याट रकम भुक्तान गरेको प्रमाण समेत यस कार्यालयमा बुझाउनु पर्ने छ र नियमानुसारका आयकर तथा अन्य कर छुट्टै बुझाउनु पर्ने छ ।

९. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का बन्दोवस्त गरिने छ ।

१०. नदीहरुको उत्खनन् क्षेत्र र परिमाण, नदिजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्बन्धमा नेपाल सरकारबाट भएका निर्देशनहरु, नेपाल सरकारबाट जारी ढुङगा, गिट्टी तथा वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७, गण्डकी प्रदेश सरकारबाट जारी ढुङगा, गिट्टी, बालुवा उत्खनन्, सङ्कलन, क्रसिङ र बिक्रीवितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाइ व्यवस्थित गर्ने कार्यविध २०७५ , गाउँपालिकाबाट भएका अध्ययन प्रतिवेदन एवं ढुङ्गा ,गिट्टी, वालुवा उत्खन्न सङ्कलन तथा घाट गद्दी सम्बन्धी रघुगंगा गांउकार्यपालिकाको कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहने छ ।

११. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन अनुसार हुने छ ।

१२. यस सम्बन्धमा संघ तथा प्रदेश सरकारबाट माथि उल्लेख गरिए भन्दा फरक निर्देशन प्राप्त भएमा सोही बमोजिम हुने छ ।

१३. विस्तृत जानकारीको लागि यस कार्यालयको website raghugangamun.gov.np मा समेत हेर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत
रघुगंगा गाँउ कार्यपालिकाको कार्यालय

अमृत सापकोटा
प्रमुख प्रशासकीय अधिकृत